आज मिति २०८२/०६/२७ गते सोमवारका दिन विहान ८:०० बजे चक्रघट्टा गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कृष्ण कुमार यादव ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा बुँदागत छलफल गरी निम्नानुसार निर्णय गरियो ।

**तपसिल :**

| | |
|---|---|
| श्री कृष्ण कुमार यादव | अध्यक्ष |
| श्री मिना देवी राय | उपाध्यक्ष |
| श्री राम सुरेश राय (वडाध्यक्ष वडा नं. १) | सदस्य |
| श्री विनोद कुमार राय (वडाध्यक्ष वडा नं. २) | सदस्य |
| श्री दिनेश कुमार साह (वडाध्यक्ष वडा नं. ३) | सदस्य |
| श्री फैयाज अहमद (वडाध्यक्ष वडा नं. ४) | सदस्य |
| श्री नागेन्द्र प्रसाद साह (वडाध्यक्ष वडा नं. ५) | सदस्य |
| श्री राजेश कुमार यादव (वडाध्यक्ष वडा नं. ६) | सदस्य |
| श्री नविन कुमार राय (वडाध्यक्ष वडा नं. ७) | सदस्य |
| श्री रामकैलाश राउत (वडाध्यक्ष वडा नं. ८) | सदस्य |
| श्री विजय कुमार यादव (वडाध्यक्ष वडा नं. ९) | सदस्य |
| श्री ईन्द्रकला देवी | सदस्य |
| श्री रिता कुमारी | सदस्य |
| श्री शोसिला कुमारी यादव | सदस्य |
| श्री श्याम कुमारी राम | सदस्य |
| श्री फेकु साह कानु | सदस्य |
| श्री राकेश ठाकुर (लोहार) | सदस्य |
| श्री रामबाबु प्रसाद कुशवाहा (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

**आमन्त्रित :**

श्री दुर्गानन्द कुमार यादव (योजना शाखा)

श्री राजिव महतो (लेखा प्रमुख)

**प्रस्तावहरु :**

**१. विशेष सहायता सम्बन्धमा ।**

**२. योजना संचालन गर्ने सम्बन्धमा ।**

**३. चक्रघट्टा गाउंपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ संशोधन गर्ने सम्बन्धमा ।**

**निर्णय :**

**प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२ साल भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनको क्रममा चक्रघट्टा गाउँपालिका वडा नं. ७ बस्ने राकेश कुमार कोइरी सिकिस्त घाइते भई उपचार गराउन असमर्थ रहेकोले निजलाई विशेष सहायता स्वरुप रु.१,००,०००।- उपचारको लागि सहयोग गर्ने निर्णय गरियो ।**

**प्रस्ताव नं. २ माथि छलफल गर्दा अर्थ मन्त्रालयको पत्र संख्या २०८२।०८३(बजेट), च.नं. ११६ र मिति २०८२।०६।०७ गतेको पत्रानुसार रु.१० लाखभन्दा मुनिका योजनाहरु उपभोक्ता समितिबाट संचालन गर्ने र सो भन्दा माथिका योजनाहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार संचालन गर्ने निर्णय गरियो ।**

**प्रस्ताव नं. ३ माथि छलफल गर्दा चक्रघट्टा गाउंपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ संशोधन गर्ने निर्णय गरियो ।**